मानेभञ्ज्याङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभञ्ज्याङ, ओखलढुङ्गा

१ नं. प्रदेश, नेपाल

प.सं. : २०७९/८०

च. नं. :

मिति : २०७९/१०/१५

## विषय : मेलमिलापकर्तामा सूचीकृत हुने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा "मानेभञ्ज्याङ गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७८" को दफा ६० बमोजिम यस गाउँपालिकामा सूचीकृत मेलमिलापकर्ताको सूची प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्ने भएकाले सम्वत् २०८० का लागि मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुन सोही ऐनको दफा ५९ बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूलाई सोही ऐनको अनुसूची १३ बमोजिमको ढाँचामा आवश्यक कागजात र रू. १००/– को सक्कल आम्दानी रसिद संलग्न गरी ३५ दिन (२०७९ फागुन २१ गते) भित्र न्यायिक समितिको सचिवालयसमक्ष निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

अनुसूची १३ बमोजिमको निवेदनको ढाँचा यसै सूचनासाथ संलग्न छ ।

**थप जानकारीका लागि :**

अभिलेख प्रशासक श्री वसन्ताकुमारी राई (९८६९२१७३६८) सँग कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

१०/१५

.............................

छविलाल राई

प्रमुख प्रशासकीय अधिकृत

५९. **मेलमिलापकर्ताको सूची तयार गर्ने :** (१) समितिले मेलमिलापको कार्य गराउनको लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिहरूको विवरण खुलाई सम्भावित मेलमिलापकर्ताको सूची तयार गर्नेछः

(क) कम्तिमा स्नातक उत्तिर्ण गरेको

(ख) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको तथा

(ग) स्थानीय स्तरमा समाजसेवीको रूपमा पहिचान बनाएको ।

(घ) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएको

(ङ) २५ बर्ष उमेर पूरा भएको ।

(च) तर माथि खण्ड (क) मा योग्यता सम्बन्धि जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक समितिमा दर्ता भएका तथा न्यायिक समितिद्वारा स्थापना गरिएका मेलमिलाप केन्द्रमा दर्ता भएका विवादहरूमा मेलमिलाप कार्य गराउनका लागि आठ कक्षा उत्तीर्ण गरेको र मेलामिलाप सम्बन्धि तालिम सञ्चालन गर्न अनुमती प्राप्त संस्थाबाट तालिम लिई खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमको योग्यता भएका व्यक्तिलाई वा यो ऐन प्रारम्भ हुनुपूर्व मेलमिलाप सम्बन्धि तालिम लिई हाल काम गरिरहेकाको हकमा वा प्रचलित कानुन वमोजिम सामुदायिक मेलमिलापकर्ताको रुपमा काम गर्दै आएका मेलमिलापकर्तालाई सूचीकृत गर्न वाधा पुऱ्याएको मानिने छैन ।

(२) मेलमिलापकर्ताको सूची तयार गरेपछि समितिले सूची सभा समक्ष पेश गरी अनुमोदन गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूची अनुमोदन भएपछि समितिले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नुपर्नेछ तथा मेलमिलापको लागि पठाउँदा प्रत्येक पक्षलाई सो सूची उपलब्ध गराउनुपर्नेछ ।

६०. **मेलमिलापकर्ताको सूची अद्यावधिक गर्ने :** (१) समितिले दफा ५९ बमोजिम तयार भएको सूची प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्नेछ ।

(२) प्रत्येक वर्ष अद्यावधिक गरेको मेलमिलापकर्ताको सूची समितिले सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानून बमोजिम मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुन योग्यता पुगेको व्यक्तिले समिति समक्ष सूचीकृत गरिपाउनको लागि अनुसूची (१३) बमोजिमको ढाँचामा निवेदन दिनसक्नेछ ।

## अनुसूची–१३

(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)

**मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा**

**न्यायिक समिति**

**मानेभन्ज्याङ गाउँपालिका समक्ष पेश गरेको** **फोटो**

**निवेदन**

**विषय : मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।**

प्रस्तुत विषयमा तपसिलमा उल्लिखित कागजातहरूको प्रतिलिपि साथै राखी मानेभन्ज्याङ गाउँपालिकाको न्यायिक समिति अन्तर्गत ............ मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

**तपसिल**

१) नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाकपी,

२) स्नातक तहसम्म उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,

३) मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,

४) मेलमिलाप सम्बन्धी अनुभव र

५) व्यक्तिगत विवरण (Bio- data)

**निवेदक :**

**नाम थर :** ......................

**दस्तखत :** ...............

**मिति :** ............